कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

प.स. ०७९/०८०
च.न. ८६६

मितिः २०७९/१०/०९

विषयः सूचना टाँस गरी जानकारी पठाइदिने वारे ।

श्री वीरेन्द्रनगर नगरपालीका सुर्खेत
श्री भेरीगंगा नगरपालीका सुर्खेत
श्री गुर्भाकोट नगरपालीका सुर्खेत
श्री लेकवेशी नगरपालीका सुर्खेत
श्री सिम्ता गाँउपालीका सुर्खेत
श्री चिङ्गाड गाँउपालीका सुर्खेत

प्रस्तुत सन्दर्भमा यस कार्यालयको चालु आ.व.०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि प्रकाशित सार्वजनिक सूचना पाना -२ (दुई) यसैसाथ संलग्न राखि पठाइएको छ । उक्त कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाइदिनुहुन अनुरोध छ ।

...बहादुर रावत
डिभिजनल वन अधिकृत
क.स.नं. १५७९१६

लेकवेशी नगरपालिका
३६५२
२०७९/१०/२५

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

विरेन्द्रनगर, सुर्खेत

प.स. ०७९/०८०
च.न.

मितिः २०७९/१०/०७

डिभिजन वन कार्यालय सर्खेत विरेन्द्रनगरको वार्षिक कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आह्वान सम्वन्धी

## सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७९/१०/०७ )**

यस डिभिजन वन कार्यालय सुर्खेतको चालु आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतका तपशिलका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समूह /सहकारी/ निजी वन धनी /उद्यमी वाट तोकिएको लागत सहभागितामा गराउनु पर्ने भएकोले यो ३० (तीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । इच्छुक सामुदायिक वन उपभोक्ता समूह / सहकारी/ निजी वन धनी /उद्यमी वाट तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना प्रस्ताव सहितको आवेदन पेश गर्नुहुन अनुरोध छ । समय सिमा भित्र प्राप्त हुन नआएका वा रितनपुगेका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| सि.नं. | क्रियाकलापको नाम | इकाई | वजेट रु लाखमा | कैफियत |
|---|---|---|---|---|
| १ | निजी वन प्रवर्धन कार्यक्रम | प्याकेज | २.५ | कम्तीमा ५ रोपनी भन्दा वढि जगा वन जन्य जडिवुटी , फलफूल ,डालेघास प्रजातीका विरुवा रोपण गर्न निजी वन धनी व्यक्ति/ सहकारी /संस्था मार्फत प्रस्ताव पेश गर्नुपर्ने छ । |
| २ | महिला कृषि वन कार्यक्रम | १ | २५ | एकै स्थानमा सकेसम्म (८० प्रतिशत) एउटै प्रजातिका कम्तिमा ३ हेक्टर क्षेत्रफलमा ३००० गोटा स्वस्थ गुणस्तर यूक्त विरुवा रोपण गर्न इच्छुक निजी जग्गा भएको महिला कृषक /कृषि समूह / सहकारी/उपभोक्ता समूह मार्फत प्रस्ताव पेश गर्नुपर्ने । ओखर, टिमुर, एभोकाडो, किम्वु ,उत्तीस, सिसौ, मसला, वेल, खयर, र डालेघास प्रजातिका वन जन्य विरुवा रोपण गर्नुपर्ने छ ।लगाइएका विरुवाहरुको स्याहार सम्भार गोडमेल र सुरक्षाको लागि दैनिक ज्यालादारीको व्यवस्थापन वाहेक घेरवार, वैठक, इन्धन आदिमा खर्च गर्न पाइने छैन । |
| ३ | जडिवुटी विकास कार्यक्रम | १ | १० | सहकारी /सामुदायिक वन समूहहरु /निजी वन /निजी कृषक /फर्म मार्फत प्रस्ताव पेश गर्नुपर्ने । |
| ४ | पकेट क्षेत्रमा जडिवुटी खेती विस्तार | १ | १० | तोकिएको पकेट क्षेत्र भित्र रहेका इच्छुक उद्यमी/किसान/सामुदायिक वन समूह मार्फत प्रस्ताव पेश गर्नुपर्ने । |
| ५ | प्राकृतिकरुपमा रहेका जडिवुटी संरक्षण तथा व्यवस्थापन | १ | १० | तोकिएको पकेट क्षेत्र भित्र रहेका इच्छुक उद्यमी/किसान/सामुदायिक वन समूह मार्फत प्रस्ताव पेश गर्नुपर्ने । |

वन अधिकृत (आठौं)

प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर सुर्खेत

रावत
डिभिजनल वन अधिकृत
क.स.नं. १५७१९६

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु १० को टिकट टाँसी जडिवुटी उत्पादन खेंती विस्तार तथा उद्दम विकास दिग्दर्शन २०७७ को अनुसूची -२- बमोजिमको ढाँचामा प्रस्तावना सहितको निवेदन ।
२. स्थायी लेखा नम्बर प्रमाणपत्र ।
३. सामुदायिक वन उपभोक्ता समूह /सहकारीको हकमा समितिको निर्णय प्रतिलिपि र गत आ.व.को लेखा परीक्षण प्रतिवेदन ।
४. निजी जग्गाको हकमा लालपुर्जाको फोटोकपी र तिरो तिरेको रसिदको प्रतिलिपि ।
५. निजी फर्मको हकमा दर्ता नविकरण र करचुक्ताको प्रमाणपत्र ।
६. अघिल्लो पाँच आ.व.मा कुनै कार्यालयवाट सो कामको लागि अनुदान प्राप्त गरेको / नगरेको सार्वजनिक खरिद अनुगमन कार्यालयवाट कालोसूचीमा नरहेको स्वः घोषणा ।
७. निवेदनको नागरीकता वा परिचय खुल्ने कागजात सहित ।
८. स्थानीय तहको सिफारीस पत्र ।

पुनश्चः अनुदानको शर्तहरु निवेदनको ढाँचा निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु प्रस्तावनाको ढँचा लगायत विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०८३५२०२५५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**क) प्रस्ताव सम्बन्धी थप विवरण**

१. प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना ।
२. समूहको छोटो चिरानी र लक्षयः
३. विद्यमान वित्तिय तथा भौतिक पूर्वाधारहरु
४. विद्यमान भौतिक पूर्वाधार
५. प्रस्तावित क्रियाकलापहरु
६. प्रस्तावित क्रियाकलापहरु संचालन गरिने विधि (जनशक्ति समूहको योगदान कसरी जुटाउने उपलब्ध जग्गा)
७. प्रस्वित क्रियाकलापहरुवाट हुने खर्च तथा आम्दानीको प्रक्षेपण
८. क्रियाकलाप संचालन गर्न लाग्गे समय
९. प्रस्तावित क्रियाकलापहरुवाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी
१०. लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण
११. प्रस्तावित क्रियाकलापहरुवाट उत्पादित हुने जडिवुटी वा प्रशोधित वस्तुको परिमाण ।
१२. दिर्घकालीन संरक्षण / दिगो व्यवस्थापनको उपाय विधि

**ख) प्रस्ताव सम्बन्धी अन्य व्यवस्था**

१. म्याद नाघी प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचिमा राखेका व्यक्ती फर्म संस्था वा सहकारीले भाग लिन पाउने छैनन
३. प्रस्ताव पत्रको लागि प्रकासित सूचना अनुसार आबश्यक पर्ने सम्पूर्ण कागजात अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।
४. विगत ५ वर्ष देखि अनुदान प्राप्त गरेको उस्तै प्रकृतिका प्रस्ताव उपर कारवाही हुने छैन ।
५. अनुदानग्राहीको तर्फवाट पेश गर्नुपर्ने साझेदारी सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको कम्तीमा ३० प्रतिशतसम्म र निजी फर्म वा उद्यमीको हकमा कम्तीमा ५० प्रतिशतसम्म अनुदानग्रहीले लगानी गर्नुपर्ने छ ।
६. निजी वन प्रवर्धन कार्यक्रम अन्तरगत निजी वन धनी /व्यक्ती/ संस्थाले प्रस्ताव पेश गर्दा ५ रोफनी भन्दा वढी क्षेत्रफल भएको वृक्षारोपण गर्न चाहेको जग्गाको जग्गाधनि प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ । निजी वन वन ऐन २०७६ को प्रावधान बमोजिम सम्बन्धीत निकायमा दर्ता भएको हुनु पर्नेछ।
७. महिला कृषि वन कार्यक्रमः यस कार्यक्रमको हकमा महिलाहरुको लागि मात्र एउटै प्रजातिको तोकिएकमोजिम कार्यक्रम संचालन गरिने छ ।

नोटः प्रस्ताव पत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिने छ वा यस कार्यालयको website www.dfosurkhet.gov.np तथा मोवाइल नं ९८५८०६६२५४ मा सम्पर्क राखी वुझ्न सकिने छ ।